**यो आकाशवाणी हो**

**21st of August**

**शुरु गरौँ आजका मुख्य समाचारहरुबाट**

1. **संसदमा अनलाइन गेमिङ संवर्द्धन र विनियमन विधेयक 2025 पारित**
2. **गत 21 ज ुलाईदेखि सुरु भएको संसदको वर्षक सत्र आज सम्पन्न**
3. **तिहार र छठ पर्वमा रेलवेले 12 हजारभन्दा बढी विशेष रेलगाडी सञ्चालन गर्ने साथै रिटर्न टिकटमा 20% छुट**
4. **पाकिस्तान सुप्रीम कोर्टले पूर्व प्रधानमन्त्री इमरान खानलाई दियो  जमानत**

**अब समाचार विस्तारमा**

**संसदमा अनलाइन गेमिङ संवर्द्धन र विनियमन विधेयक 2025 पारित**

संसदले अनलाइन गेमिङ संवर्द्धन र विनियमन विधेयक, 2025 पारित गरेको छ। यसलाई आज राज्यसभाले पनि स्वीकृति प्रदान गरेको छ। यो विधेयकले ई–स्पोर्ट्स र अनलाइन सोसियल गेम्सलाई प्रोत्साहन गर्ने, साथै हानिकारक अनलाइन मनी गेमिङ सेवाहरू, तिनका विज्ञापन र सम्बन्धित वित्तीय कारोबारलाई पूर्ण रूपमा प्रतिबन्ध गर्ने व्यवस्था गरेको छ। यसमा नीति–समन्वय, रणनीतिक विकास र नियामक निगरानीका लागि एउटा अनलाइन गेमिङ प्राधिकरणको गठन गर्ने प्रावधान राखिएको छ। विधेयकको उद्देश्य विशेषगरी युवाहरू र कमजोर वर्गलाई यस्ता खेलहरूले पार्ने नकारात्मक सामाजिक, आर्थिक, मनोवैज्ञानिक र गोपनीयता सम्बन्धी असरबाट जोगाउनु रहेको छ। विधेयकअनुसार अनलाइन मनी गेम्सको प्रस्ताव, सञ्चालन वा सुविधा उपलब्ध गराउन पूर्ण प्रतिबन्ध हुनेछ। यस किसिमका कानून उल्लङ्घन गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा एक करोड रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ। मन्त्री श्री अश्विनी वैष्णवले विधेयक प्रस्तुत गर्दै भन्नुभयो कि अनलाइन मनी गेमिङ समाजका लागि ठूलो खतरा बन्दै गएको छ। यसका कारण धेरै परिवारहरू आर्थिक सङ्कटमा परेको तथ्य उजागर भएको उहाँले बताउनुभयो। अनलाइन मनी गेमिङ गम्भीर चिन्ताको विषय बनेको, किनकि यसले लत लगाउने मात्र होइन, वित्तीय ठगी र अपराधलाई समेत बढावा दिने गरेको श्री वैष्णवले बताउनुभयो। उहाले भन्नुभयो.

अनुमानित रूपमा प्रत्येक वर्ष करिब 45 करोड मानिसहरूले अनलाइन गेमहरूमा करिब 20 हजार करोड रुपैयाँ गुमाउने गरेको श्री वैष्णवले जानकारी दिनुभयो। विधेयकमा तीन खण्ड समेटिएका छन्— ई–स्पोर्ट्स, अनलाइन सामाजिक खेल र अनलाइन मनी गेम्स। सरकारले ई–स्पोर्ट्स र अनलाइन सामाजिक खेललाई प्रोत्साहन गर्ने उहाँले स्पष्ट पार्नुभयो। संसदमा पारित अनलाइन गेमिङ संवर्द्धन र विनियमन विधेयकले हानिकारक अनलाइन सट्टेबाजी गेमिङ एपहरूमा प्रतिबन्ध लगाउनेछ, जसले यस्ता एपहरूमा लत परेका व्यक्तिहरूलाई हुने आर्थिक क्षतिबाट जोगाउने उद्देश्य राखेको छ। कर्नाटकको मैसुरस्थित विवेक वाशी फाउण्डेशनले विद्यालय तथा कलेजका विद्यार्थीहरूबीच अनलाइन सट्टेबाजीका दुष्प्रभावबारे जागरूकता फैलाउने काम गर्दै आएको छ। फाउण्डेशनले यस विधेयकलाई स्वागत गरेको छ। फाउण्डेशनका संस्थापक सदस्य श्री नित्यानन्द एस. बी. ले सट्टेबाजी गेमिङ एपहरूमा प्रतिबन्ध लगाउनका लागि कानून ल्याइनु एक सकारात्मक कदम रहेको बताउनुभएको छ।

**गत 21 जुलाईदेखि सुरु भएको संसदको वर्षक सत्र आज सम्पन्न**

लोकसभा र राज्यसभाको कार्यवाही अनिश्चितकालका लागि स्थगित गरिएको छ। यससँगै गत 21 जुलाईदेखि सुरु भएको संसदको वर्षक सत्र सम्पन्न भएको छ। लोकसभामा दिउँसो 12 बजे कार्यवाही सुरु हुँदा अध्यक्ष ओम बिरलाले जानकारी दिँदै भन्नुभयो कि यस सत्रमा 14 सरकारी विधेयक प्रस्तुत गरिए र 12 विधेयक पारित भए। उहाका अनुसार "अपरेशन सिन्दूर" विषयमा दुई दिन विशेष छलफल भयो, जसको समापन प्रधानमन्त्री नरेन्द्र मोदीको जवाफसँगै सम्पन्न भयो।

अध्यक्षले बताएअनुसार यस सत्रमा 419 प्रश्न कार्यसूचीमा समावेश भए पनि निरन्तर अवरोधका कारण केवल 55 प्रश्नको मात्र मौखिक उत्तर दिएको छ। विपक्षी दलका सांसदहरूको बारम्बारको हंगामाप्रति असन्तोष जनाउँदै उहाले भन्नुभयो कि सदन कुल 37 घण्टा मात्र सञ्चालन हुन सक्यो। उहाले भन्नुभयो.

यसअघि बिहान 11 बजे कार्यवाही सुरु भएलगत्तै विपक्षी दलहरूले बिहारमा मतदाता नामावली पुनरीक्षणबारे छलफलको माग गर्दै हंगामा गरेका थिए । सो क्रममा प्रश्नोत्तरकाल सुरु भए पनि अवरोधका कारण अध्यक्षले कार्यवाहीलाई दिउँसो 12 बजेसम्मका लागि स्थगित गर्नुभएको थियो।

राज्यसभामा पनि उस्तै दृश्य देखियो। दिउँसो 2 बजे कार्यवाही पुनः सुरु हुँदा विपक्षी सांसदहरूले मतदाता नामावली पुनरीक्षणबारे नाराबाजी गरे। उपसभापति हरिवंशले सांसदहरूलाई अवरोध नगरी आसनमा फर्कन आग्रह गर्नुभयो। अवरोधबीच संविधान (एक सय तीसौं संशोधन) विधेयक, 2025; केन्द्रशासित प्रदेश सरकार (संशोधन) विधेयक, 2025; र जम्मु–कश्मीर पुनर्गठन (संशोधन) विधेयक, 2025 लाई संयुक्त समितिमा पठाइयो। यसै क्रममा संसदले "अनलाइन गेमिङ विधेयक, 2025" पारित गऱ्यो, जसलाई राज्यसभाले पनि स्वीकृति दियो। दुई पटक स्थगनपछि दिउँसो 2 बजे कार्यवाही पुनः सुरु हुँदा उपसभापतिले विपक्षी सांसदहरूले अवरोध गरेका कारण सदन केवल 41 घण्टा 15 मिनेट मात्र सञ्चालन भएको बताउनुभयो। यस सत्रमा 14 सरकारी विधेयक पारित गरिएको र जानकारी दिनुभयो। त्यसपछि उहाले कार्यवाही अनिश्चितकालका लागि स्थगित गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**तिहार र छठ पर्वमा रेलवेले 12 हजारभन्दा बढी विशेष रेलगाडी सञ्चालन गर्ने साथै रिटर्न टिकटमा 20% छुट**

रेलवेले यस वर्षको तिहार र छठ पर्वको अवसरमा यात्रुहरूको सहजताका लागि 12 हजारभन्दा बढी विशेष रेलगाडीहरू सञ्चालन गर्ने घोषणा गरेको छ। रेल मन्त्री अश्विनी वैष्णवले नयाँदिल्लीमा जानकारी दिँदै भन्नुभयो कि अक्टोबर 13 देखि 26 सम्मको यात्रामा जाने र नोभेम्बर 17 देखि डिसेम्बर 1 सम्म फर्किने यात्रुहरूलाई रिटर्न टिकटमा 20 प्रतिशत छुट दिइनेछ। यो योजना यसै वर्षको चाडपर्वको मौसममा लागू हुनेछ र यसबाट ठूलो संख्याका यात्रुहरू लाभान्वित हुने अपेक्षा गरिएको छ।

**भारत–रूस विदेश मन्त्रीस्तरीय वार्ता : व्यापार, ऊर्जा र रक्षा सहयोगमा जोड**

मस्कोमा भारतका विदेश मन्त्री डा. एस. जयशंकर अनि रूसका विदेश मन्त्रीबीच आज भएको बैठकमा दुई देशबीचका सम्पूर्ण सम्बन्धको समीक्षा भयो। संयुक्त पत्रकार सम्मेलनमा डा. जयशंकरले द्वितीय विश्वयुद्धपछि भारत–रूस सम्बन्ध संसारकै सबैभन्दा बलियो साझेदारीमध्ये एक भएको बताउनुभयो। उहाले भू–राजनीतिक निकटता, नेतृत्वस्तरीय सम्पर्क र आपसी जनभावनालाई सम्बन्धका मुख्य आधारका रूपमा उल्लेख गर्नुभयो।

**पाकिस्तान सुप्रीम कोर्टले पूर्व प्रधानमन्त्री इमरान खानलाई दियो जमानत**

पाकिस्तान सर्वोच्च अदालतले 2023 मई 9 को हिंसात्मक घटनासम्बन्धी आठ मुद्दामा पाकिस्तान तहरीक–ए–इन्साफ (PTI) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री इमरान खानलाई जमानत दिएको छ। 2023 मा भएको देशव्यापी प्रदर्शन र सरकारी तथा सैन्य स्थापनामाथिका आक्रमणका कारण श्री खानविरुद्ध अनेकौं मुद्दा दर्ता भएका थिए। मुख्य न्यायाधीश याह्या अफरीदीको अध्यक्षतामा बसेको तीन सदस्यीय इजलासले आज जमानत याचिकामाथि सुनुवाइ गर्दै निर्णय सुनायो। यद्यपि, श्री खानको तत्काल रिहाइ सम्भावना भने न्यून छ। उहा 2023 देखि जेलमै हुनुहुन्छ र सरकारी

उपहार प्रकरण तथा लगभग 19 करोड पाउन्ड बराबरको भ्रष्टाचार मामिलामा सजाय काटिरहेनु भएको छ। पीटीआईले सामाजिक सञ्जालमार्फत अदालतको निर्णयलाई "इमरान खानको जीत" भन्दै स्वागत गरेको छ।

1. **संसदमा अनलाइन गेमिङ संवर्द्धन र विनियमन विधेयक 2025 पारित**
2. **गत 21 जुलाईदेखि सुरु भएको संसदको वर्षक सत्र आज सम्पन्न**
3. **तिहार र छठ पर्वमा रेलवेले 12 हजारभन्दा बढी विशेष रेलगाडी सञ्चालन गर्ने साथै रिटर्न टिकटमा 20% छुट**
4. **पाकिस्तान सुप्रीम कोर्टले पूर्व प्रधानमन्त्री इमरान खानलाई दियो  जमानत**